कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

मिति : २०७७/१२/२४

## दोस्रो दीक्षान्त समारोहको कार्यक्रम सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोह २०७७ साल चैत्र ३० गते सोमवार तद्नुसार April १२,२०२१ मा कृषि तथा वन विज्ञान विश्वविद्यालयको केन्द्रीय कार्यालय, रामपुर, चितवनमा आयोजना गरिने भएकोले सम्वन्धित सबै विद्यार्थीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । समारोहमा सहभागी हुने विद्यार्थीहरु (पदक प्राप्त गर्ने र पिएच डी उतीर्ण गरेका) ले आ-आफ्नो गाउन/स्कार्फ/ह्याट पहिरि प्रवेशद्वारमा आफूले प्राप्त गरेको ग्रेस कार्ड (गाउन कार्ड/सर्टिफिकेट कलेक्शन कार्ड) देखाई विहान १०:०० वजे भित्र समारोह स्थलमा प्रवेश गर्नु पर्नेछ र वसाई व्यवस्थापन (Seating Arrangement) अनुसार तोकिएको स्थानमा वसि सक्नु पर्नेछ । यस समारोह संग सम्वन्धित अन्य विस्तृत कार्यक्रम निम्नानुसार हुनेछ ।

### १. गाउन/स्कार्फ/ह्याट वितरण :

(क) मिति : २०७७ साल चैत्र २९ गते विहान ८:०० वजे देखि अपरान्ह ५:०० वजे सम्म ।

(ख) स्थान : कृषि तथा वन विज्ञान विश्वविद्यालय, केन्द्रीय कार्यालय, रामपुर, चितवन ।

(ग) अनिवार्य रुपमा ल्याउनु पर्ने कागजातहरु : दीक्षान्त समारोहमा भाग लिन Online दीक्षान्त फाराम भर्दा प्राप्त गरेका गाउन कार्ड ल्याउनु पर्नेछ ।

(घ) समारोहका दिन २०७७ साल चैत्र ३० गते गाउन/स्कार्फ/ह्याट समारोह स्थलबाट वितरण नगरिने भएकोले उपरोक्त तोकिएको मिति भित्रै गाउन /स्कार्फ/ह्याट अनिवार्य रुपमा लिई सक्नु पर्नेछ ।

### २. पोशाक : समारोहमा भाग लिन आउने विद्यार्थीहरुले लगाउनु पर्ने पोशाक निम्नानुसार हुनेछ ।

(क) छात्रहरुले आफूखुशी फूलसर्ट, पाइन्ट, टाई र कृषि तथा वन विज्ञान विश्वविद्यालयले उपलब्ध गराएको गाउन/स्कार्फ/ह्याट ।

(ख) छात्राहरुले आफूखुशी फूलसर्ट, पाइन्ट, टाई वा साडी व्लाउज र कृषि तथा वन विज्ञान विश्वविद्यालयले उपलब्ध गराएको गाउन/स्कार्फ/ह्याट ।

### ३. प्रमाण पत्र वितरण :

(क) प्रमाण पत्र वितरण कृषि तथा वन विज्ञान विश्वविद्यालयको हल वाहिरको प्रमाण पत्र वितरण काउन्टरबाट गरिनेछ ।

(ख) प्रमाण पत्र लिनका लागि Online फाराम भर्दा प्राप्त गरेका Certificate Collection Card र MRP साइजको फोटो २ (दुई) प्रति ल्याउनु पर्नेछ ।

(ग) दीक्षान्त समारोहमा उपस्थिति भएका तर सो दिन प्रमाण पत्र लिन नभ्याएका, भाग लिन आवेदन दिई भाग लिन नसकेका र Virtual रुपमा उपस्थित भएका विद्यार्थीहरुले पछि कृषि तथा वन विज्ञान विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, रामपुरबाट प्रमाण पत्र प्राप्त गर्नेछन् ।

(घ) ग्रेस लिष्टमा समावेश भैसकेका दीक्षान्त समारोहमा भाग नलिने विद्यार्थीहरुले दीक्षान्त समारोह सुसम्पन्न भइसकेपछि आवेदन फाराम सहित नियमानुसारको शुल्क बुझाई कृषि तथा वन विज्ञान विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, रामपुरबाट प्रमाण पत्र लिन सक्नेछन् ।

**तपसिल**

| | तह | शुल्क (रु.) |
|---|---|---|
| (क) | स्नातक | १,७००।०० |
| (ख) | स्नातकोत्तर | २,२००।०० |
| (ग) | विद्यावारिधि (पिएच डी) | ३,२००।०० |

## ४. गाउन/स्कार्फ/ह्याट र धरौटी रकम फिर्ता :

(क) कृषि तथा वन विज्ञान विश्वविद्यालय, केन्द्रीय कार्यालय, रामपुरबाट गाउन/स्कार्फ/ह्याट वितरण, फिर्ता र धरौटी उपसमितिले गाउन/स्कार्फ/ह्याट विद्यार्थीहरुबाट फिर्ता लिई धरौटी रकमबाट रु.१,०००।०० कटाई बाँकी रकम फिर्ता गरिनेछ ।

(ख) Online फाराम भर्दा प्राप्त गरेका बैंक दाखिलाको Transaction ID र गाउन कार्ड सहित गाउन/स्कार्फ/ह्याट फिर्ता बुझाएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । गाउन/स्कार्फ/ह्याट कुनै एक हराएमा, क्षति भएमा वा मिति २०७८।०१।०२ भित्रमा फिर्ता नबुझाएमा निजको धरौटी रकम फिर्ता गरिनेछैन ।

यो दोस्रो दीक्षान्त समारोह सफल पार्न सम्वन्धित सवै क्षेत्रबाट कृषि तथा वन विज्ञान विश्वविद्यालय सहयोगको अपेक्षा गर्दछ । यो सूचना यस विश्वविद्यालयको परीक्षा नियन्त्रण कर्यालयको website: https://exam.afu.edu.np मा पनि हेर्न सकिन्छ ।

परीक्षा नियन्त्रक